जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
चि. महोत्तरी ह.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १०९ • २०८१ माघ २७ गते आईतवार • 9 Feb. 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना
जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि
सम्पर्क
९८१५८३०६०१

## कृषि उत्पादनलाई मुख्य आधार बनाएर स्थानीय तहबाट समाजवादको आधार निर्माण गर्नुपर्नेः अध्यक्ष प्रचण्ड

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २६ माघ**



नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कृषि उत्पादनलाई मुख्य आधार बनाएर स्थानीय तहबाट समाजवादको आधार निर्माण गर्नुपर्ने बताउनुभएको छ। अखिल नेपाल किसान महासङ्घ (क्रान्तिकारी केन्द्र) केन्द्रीय समितिको तेस्रो पूर्ण बैठकलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो धारणा राख्नुभएको हो ।

आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्रको विकास गर्दै समाजवादको आधार तयार पार्ने आधारभूत तह स्थानीय सरकार भएकाले भर्खरै सम्पन्न पार्टी केन्द्रीय समितिको बैठकले स्थानीय सरकारको रणनैतिक महत्त्वलाई आत्मसात गरेर उत्पादनका निम्ति सङ्घर्ष, वैज्ञानिक प्रयोग र सांस्कृतिक रूपान्तरणमा जोड दिने नीति लिएको बताउनुभयो ।

आत्मनिर्भर राष्ट्रिय अर्थतन्त्र विकासको मूल आधार कृषि उत्पादनमा वृद्धि र कृषिमा आधारित औद्योगीकरणको नीति अवलम्बन गर्नुपर्ने उल्लेख गर्नुहुँदै अध्यक्ष प्रचण्डले दलाल, नोकरशाही, पुँजीपति र बिचौलियाले निजीकरण र उदारीकरणका नाममा राष्ट्रिय अर्थतन्त्रको विकासलाई तहसनहस बनाएको तथ्यलाई ध्यान दिएर अब क्रान्तिकारीहरूले स्थानीय तहदेखि नै कृषि उत्पादनमा वृद्धि र औद्योगीकरणको मौलिक बाटो समात्नुपर्ने बताउनुभयो ।

स्थानीय उत्पादनमा जोड, उत्पादनको प्रशोधन र साना उद्योगहरूको स्थापनामार्फत रोजगारी बढाउने काममा ध्यान दिनुपर्ने उल्लेख गर्नुहुँदै उहाँले पार्टीले लिएको पछिल्लो निर्णय किसान महासङ्घले आम किसानको बिचमा लैजानुपर्ने बताउनुभयो। आफ्नो पार्टीबाट जितेका पालिकाका जनप्रतिनिधिहरूलाई राष्ट्रिय भेला गरेर स्थानीय तहमा समाजवादको अभ्याससम्बन्धी प्रशिक्षण दिने कार्यक्रम बनाइएको पनि उहाँले जानकारी दिनुभयो । चालु आर्थिक वर्षको बजेट बनाउँदा आफूहरूले कृषिलाई बेस (आधार) र सूचना प्रविधिलाई लिड (नेतृत्व)को रूपमा स्थापित गरेको जानकारी दिँदै पूर्वप्रधानमन्त्री प्रचण्डले अहिलेको सरकारले त्यो बजेटलाई तोडमोड गरेकोमा आपत्ति जनाउनुभयो । किसान महासङ्घले आधारभूत रूपमा सही बजेट र नीति तथा कार्यक्रम कार्यान्वयनका लागि भूमिका खेल्नुपर्ने उहाँले बताउनुभयो ।

आफ्नो नेतृत्वको सरकारले किसान पेन्सन र किसान परिचयपत्र वितरणलाई प्राथमिकतामा राखेर काम थाले पनि अहिले अवरुद्ध भएकोमा उहाँले आपत्ति जनाउनुभयो । आफूले राजनीतिको सुरुवात किसान सङ्घबाटै गरेको स्मरण गराउँदै उहाँले यो सङ्गठनलाई किसानको घर र खेतबारीसम्म पुर्‍याउनुपर्ने बताउनुभयो । अध्यक्ष प्रचण्डले फागुन १२ गतेदेखि हुने तराई मधेश केन्द्रित हुलाकी र पूर्वपश्चिम राजमार्ग तथा वैशाखामा हुने मध्य पहाडी लोकमार्ग केन्द्रित अभियान सफल बनाउन किसान महासङ्घलाई निर्देशन दिनुभयो। बैठकमा अध्यक्ष चित्रबहादुर श्रेष्ठले संक्षिप्त प्रतिवेदन पेस भएको थियो भने कार्यक्रम सञ्चालन महासचिव नहेन्द्र खड्काले गर्नुभएको थियो।

## सेवाश्रम नेपालद्वारा संचालित हाजिरीजवाफ प्रतियोगितको १६औं संस्करणमा उपेन्द्र प्रथम



**सोनी साह**
**जनकपुरधाम, २६ माघ**

सेवाश्रम नेपालद्वारा आयोजित हाजिरीजवाफ प्रतियोगिताका विजेताहरुलाई पुरस्कार वितरण कार्यक्रमको १६औं संस्करणमा सामुदायिक विद्यालयको शिक्षक उपेन्द्र कुमार यादव प्रथम भएको छ।दानीकान्त झाको अध्यक्षतामा संचालन भएको कार्यक्रममा प्रमुख अतिथि शिक्षा विकास तथा समन्वय इकाई धनुषाको निमित इकाई प्रमुख प्रतिभा कुमारी साह, विशिष्ट अतिथि जलेश्वरटुडे राष्ट्रिय दैनिक र अनलाइनको प्रकाशक तथा सम्पादक तथा ज्ञान गंगा ईन्टरनेशनल पब्लिक स्कुलको प्रधानाध्यापक प्रा.पवन कुमार साह तथा विशिष्ट अतिथि शिक्षा विकास तथा समन्वय इकाई धनुषाको कम्प्युटर प्राविधिक जितेन्द्र कुमार ठाकुरको गरिमामय उपस्थिति रहेको थियो। प्रतियोगितामा प्रथम हुने सामुदायिक विद्यालयको शिक्षक उपेन्द्र कुमार यादवलाई प्रमुख अतिथि तथा विशिष्ट अतिथिहरुले सामुहिक रुपमा ५० वटा रिचार्ज बराबरका सामानहरु फाइबर सिरक १ थान,डोरमैट १ थान,डट ४ थान,१ किलो चिनीले सम्मान गर्नुभएको थियो । त्यसै गरी प्रतियोगितामा द्वितिय हुने छात्र राहुल यादवलाई संयुक्त रुपमा ३० वटा रिचार्ज बराबरको सामानहरु ब्याग १ थान,सेनिटाइजर र डोरमैट १ थान प्रदान गरिएको थियो। त्यस्तै तृतिय हुने छात्र शिवम साहलाई संयुक्त रुपमा २९ वटा रिचार्ज बराबरको सामानहरु करुवा १ थान,जल चढाउने लोटनी १ थान र डोर मैट १ थान प्रदान गरिएको थियो । चतुर्थ हुने छात्र उज्जवलजी उन्नतिले २३ वटा रिचार्ज बराबर ईन्सुलेटेड हट पट १ थान,डायरी १ थान,हाइलाईटर १ थान,साबुन १ थान र मार्कर १ थान प्रदान गरिएको थियो भने सबैभन्दा कम उमेरको प्रतियोगि उत्कृष्टजी उपमाले २ वटा रिचार्ज बराबर १ पैकेट बिस्कुट र टुथपेष्ट प्रदान गरिएको थियो। त्यसैगरी महिला प्रतियोगि प्रमिला यादवलाई १३ वटा रिचार्ज बराबर डायरी,पेन,ग्लुस्टिक,साबुन र जलचढाउने लोटनी प्रदान गरिएको थियो । त्यसै गरी कार्यक्रममा सहभागी रामगोपालपुर,जनकपुरधाम तथा हिमाली ई.बो.स्कुलको छात्रलाई आकर्षक उपहार प्रदान गरिएको थियो। कार्यक्रममा प्रमुख अतिथि तथा शि.वि.स.ई प्रमुख साहले यस सेवाश्रम नेपालको विकासको लागि व्यक्तिगत रुपमा तथा अन्य हिसाबले पनि सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो साथै धनुषाको जानकी एफएम झैं महोत्तरी जिल्लामा समेत रेडियोको मार्फत कार्यक्रम संचालन गर्न सल्लाह दिनुभयो। विशिष्ट अतिथि प्रा.साहले मधेस प्रदेशमा यसरी खुल्ला रुपमा यस्तो कार्यक्रम संचालन गरेकोमा अध्यक्ष झाको उच्च प्रशंसा गर्दै अगामी दिनहरुमा यस्ता कार्यक्रमहरुको समाचार सम्प्रेषणमा सहयोग गर्ने प्रतिबद्ध समेत जाहेर गर्नुभयो । यो कार्यक्रम प्रत्येक शनिवार र आइतबार राति ८ बजेदेखि १०:४५ सम्म जानकी एफएम १०६ मेगाहर्जबाट संचालन हुने आयोजकले जानकारी गराए । अन्त्यमा अध्यक्ष झाले सबैलाई धन्यवाद ज्ञापन गरेका थिए ।

## मटिहानी बजार तथा मठको जग्गाबाट उठने करसम्बन्धी समस्याको निराकरणका लागि पहल गर्ने आश्वासन



**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २६ माघ**

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले मटिहानी बजार तथा मठको जग्गाबाट उठने करसम्बन्धी समस्याको निराकरणका लागि पहल गर्ने आश्वासन दिनुभएको छ।

मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले मटिहानीमा उहाँलाई स्वागत गर्नुहुँदै मटिहानी बजार तथा मठको विभिन्न समस्याबारे जानकारी गराएपछि उहाँले यस्तो प्रतिबद्धता जनाउनु भएको हो। उहाँले मटिहानी बजार तथा मठको जग्गाबाट उठने करसम्बन्धी समस्याका लागि तत्कालै आफुले समिति बनाएर समस्या समाधानको पहल गर्ने बताउनुभयो। उहाँले समिति बनाएर समितिले दिएको राय, सल्लाह, सुझावको आधारमा परामर्श गरेर अगाडि बढ्ने बताउनुहुँदै मटिहानी बजार तथा मठको जग्गा समस्याको समाधानका लागि आफु हरसम्भव तयार रहने आश्वासन दिनुभयो। उहाँले भूमि आयोगले समेत कतिपय कामहरू गरिरहेको बताउनुहुँदै गुठीको जग्गाको संरक्षण, सम्बर्द्धनमा सबैको सहयोग आवश्यक रहेको बताउनुभयो। गुठीको जग्गा गुठी संस्थानले मात्रै संरक्षण नहुने भएकाले सबैलाई यस कार्यमा सहयोग, सल्लाह र सुझाव दिन मन्त्री अधिकारीले आग्रह गर्नुभयो।

जिल्लाको मटिहानीमा रहेको वैष्णव सम्प्रदायका सबैभन्दा ठूलो मठ लक्ष्मीनारायण मठको अवलोकनका लागि आउनुभएका मन्त्री अधिकारीलाई मटिहानी नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डल तथा लक्ष्मीनारायण मठका उत्तराधिकारी रविन्द्र दास वैष्णवले दोसल्ला, मायाको चिनोसहित स्वागत तथा सम्मान गर्नुभएको थियो। सो अवसरमा नगरप्रमुख मण्डलले जिल्लाको पुरानो बजारको रूपमा रहेको मटिहानी बजारको समस्या तथा मटिहानीमा गुठीको जग्गा तथा समस्याबारे मन्त्रीलाई अवगत गराउनुभएको थियो। उहाँले मटिहानी बजारमा बसोवास गर्नेहरू मध्ये केहीले लालपुर्जा पाएको तर ४० भन्दा बढी घर परिवारको कित्ता नं. २५ को लालपुर्जा नपाउँदा समस्या देखिएकाले सो समस्या समाधानका लागि आग्रह गर्नुभयो। उहाँले मटिहानीमा रहेको गुठीको जग्गालाई मटिहानी नगरपालिकाले संरक्षण गरिरहेको बताउनुहुँदै यसमा गुठी संस्थान र मन्त्रालय समेतलाई जिम्मेवार भएर लाग्न आग्रह गर्नुभयो। अवलोकन कार्यक्रममा गुठी संस्थानका प्रशासक शैलेशराज कुँवर, सहायक प्रशासक बैकुण्ठ रेग्मी, गुठी सञ्चालक सदस्य दीपकराज पाठक लगायतका उपस्थिति रहेको थियो।




## सम्पादकीय..................

# देश बन्न पहिले हामी बन्नु पर्छ

*देश बस्न लायक भएन। यो देश बनेन। यहाँ भविष्य छैन। देश रित्तिनै लाग्यो। नेताहरूको बुद्धि पलाएन, नेतृत्व सुध्रिएन। चरम स्वार्थी भए । यस्तो पाराले त देश कहिल्यै बन्दैन। व्यक्तिगत भलाकुसारीदेखि चिया पसल, चोक, सार्वजनिक माहोल तथा अधिकांश पत्रपत्रिकाका समाचार र विश्लेषणका सतही निष्कर्ष हुन्, माथि दिएका वाक्यांशहरू । कुनै जमानामा चल्तीका चलचित्रका प्रख्यात डाइलग अथवा नित्यकर्मका कुनै गहन मन्त्र जस्तैगरी अधिकांशले घोकेका छन् । अर्थ र अन्तर्य केलाउने चासो अनि चैतन्य दुवै नभए पनि बेलाबेलामा मन्त्रोचारण झैं दोहोऱ्याई रहन्छन्। यस्तो नैराश्यता र निराशाको सम्प्रेषण निकै कर्णप्रिय बन्दै गएको छ ।*

*समाजमा राजनीति र नेताहरूलाई घोर असफल तथा निष्प्रभावी पात्रको चित्रणमा यी भाष्यहरू बहुतै बलिया हतियारका रूपमा विद्यमान छन् । तर प्राचीन राजनीतिशास्त्री अरस्तुकृत पुस्तक 'पोलिटिक्स'ले भन्छ खराब नागरिकले खराब नेता जन्माउँछन् र उसले देश सखाप पार्छ । बहसको एउटा नयाँ धार यहाँबाट सुरु हुनुपर्छ। नेतृत्व र सरकार आफैं खराब भयो कि ? हामी आम नागरिकको सामरिक तथा समिष्ठ चरित्रको प्रत्यावरण स्वरूप त्यो निष्प्रभावी र खराब देखिएको हो ?*

*हामीलाई लागे झैं देश आफूखुसी नसुध्रिएको हो कि, हामी नागरिक स्वयं पनि सुध्रन नसकेकाले देश नसुध्रिएको देखिएको हो ? सबैले आफ्नो आफ्नो ठाउँबाट राम्रो गरौं। अरूलाई गाली र उपदेश पस्कनुभन्दा आफू जिम्मेवार हुँदै आफैंबाट सन्तुष्टि र अरूबाट सम्मान पाउने हिसाबले आफ्नो काम गर्न सिकौं । अहिलेसम्म बिग्रनुमा जिम्मेवार सबै छौं, सुधार्ने र सपार्ने प्रयास सबैले गरौं। नागरिक नै नसुध्रिएसम्म नेतृत्व सुध्रँदैन । मनन् गरौं, हामी सबै सुध्रियौं भनेमात्र देश सुध्रने हो, देश बन्न पहिले हामी बन्नु पर्छ ।*

# मकै बालीमा गभारो किराको प्रकोपले किसानहरु चिन्तामा



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २६ माघ**

मकै बालीमा गभारो किराको प्रकोपले रौतहटको उत्तरी क्षेत्रका किसान चिन्तामा छन् । व्यावसायिक रूपमा गरिएको मकै खेतीमा गभारो किरा लागेपछि बाली नै सखाप पार्ने हो कि भन्ने डरले किसान चिन्तित भएका हुन्।

विशेष गरी जिल्लाको उत्तरी क्षेत्र चन्द्रपुर, गुजरा, फतुवा विजयपुर, वृन्दावन नगरपालिकाका किसानले व्यावसायिक रूपमा मकै खेती गर्दै आएका छन् । हाल चन्द्रपुर पालिकाको वडा नम्बर १, ८, ९ र १० मा गभारोको प्रकोप अधिक देखिएको छ । यसैगरी वृन्दावन नपाको विश्रामपुर र बलेरी क्षेत्र, गुजरा नपाको जङ्गलसहिया, मैरा, भवानीपुर, र फतुवा विजयपुरको हिमालीबास, विजयपुर, रामदाशी लगायतको क्षेत्रमा गभारोको प्रकोप अधिक रहेको सम्बन्धित पालिकाका किसानको गुनासो छ । स्थानीय तहका कृषि शाखा तथा जनप्रतिनिधिले किसानलाई परेको मर्काको बारेमा चासो नराखेको विजयपुरका कृषक गोविन्द चौधरीको आरोप छ। उहाँका अनुसार कृषि प्राविधिकले समय समयमा बालीनालीको सर्वेक्षण नगरेको कारण किसानको मकैबाली रोग र किराबाट प्रभावित बनेको हो। नगदे बालीकै रूपमा मकैको खेती गरिन्छ । किसानले अधिक उत्पादन हुने विभिन्न जातका 'हाइब्रिड' मकै लगाउने गरेका छन् । आधुनिकतरले खेती गरिने हुँदा मकै प्रति कठ्ठा दुई/अढाई क्विन्टल उत्पादन हुने किसानहरू बताउँछन्। तर गभारोको आक्रमणले गर्दा मकै उत्पादनमा कमी आउने चिन्ताले किसान पिरोलिएका छन्। चन्द्रपुर नगरपालिकामा मात्रै करिब सात हजार हेक्टर जमिनमा हाइब्रिड मकै खेती हुने पालिकाको तत्थ्याङ्क छ । पालिकाका कृषि सेवा प्रमुख उमेश चौधरी भन्नुहुन्छ, "उम्रिएर पाँच/सात पात भएका कलिला मकैको गुभेपातमै गभारोले आक्रमण गर्ने हुनाले मकैको उत्पादनमा ह्रास आउने अधिक सम्भावना रहन्छ। माटो मै किटनाशक औषधीको प्रयोग गरी खनजोत गरेको भए उक्त समस्या आउँदैन थियो । अहिले मकै बालीमा देखिएको उक्त समस्या समाधान गर्न किसानलाइ किटनाशक औषधी प्रयोग गर्न सल्लाह दिइएको छ । उँहाहरूले सोहीबमोजिम औषधी 'स्प्रे' गर्नुभएको छ। अब नियन्त्रण हुन्छ।"

# प्रहरीद्वारा एक नेपालीलाई उद्धार



**जलेश्वरटुडे समाचारदाता**
**रौतहट, २६ माघ**

रौतहटको सदरमुकाम गौरसँग सिमाना जोडिएको भारतीय बजार बैरगनिया छेउको दशगज्जाबाट गएराति घाइते अवस्थामा एकजना नेपालीलाई प्रहरीले उद्धार गरेको छ।

धारिलो हतियार प्रहारबाट घाइते अवस्थामा गौर नगरपालिका १ का २५ वर्षीय अजित कुमार पासवानलाई बैरगनिया सीमाको दशगजाबाट फेला पारी उपचारको लागि प्रादेशिक अस्पताल गौरमा पठाइएको जिल्ला प्रहरी प्रमुख एसपी दिलीप घिमिरेले बताएका छन्।

पासवानको छातीको बायाँ भागमा चोट लागेको छ । घटना सम्बन्धी अन्य अनुसन्धान कार्य भई रहेको एसपी घिमिरेले जानकारी दिए । शुक्रवार राती करिब ९ बजेको समयमा गौर १ दशगजास्थित भारतबाट नेपाल तर्फ आउँदै गर्दा दश गजा क्षेत्रमा भारत पट्टि भारतीय सीमा सुरक्षा बल एसएसबीले पासवानलाई घाइते अवस्थामा फेला पारी भन्सार सुरक्षा गार्ड गौरलाई बुझाएको थियो।


# व्यक्तिगत घटना दर्ता गरौ

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

**रामगोपालपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश नेपाल**


## तपाईको टुडे

मेष: पढाईमा ध्यान दिनुपर्ने
वृष: विचार गरेर बोल्नुहोला
मिथून: पिछडेको साथी मिल्ने
कर्कट: अशुभ समाचार प्राप्त हुने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: लामो यात्राको योग छ
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: मनमा पछुतो आउने
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर



## पुजाआजा



विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# दिल्लीमा भाजपाको कमब्याकपछि अमित शाहले भने- झुटा वाचा टिक्दैनन्

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ माघ



दिल्ली विधानसभा चुनावमा भारतीय जनता पार्टीले कमब्याक गरेपछि केन्द्रीय गृहमन्त्री अमित शाहले प्रतिक्रिया दिएका छन् । उनले आम आदमी पार्टीलाई लक्षित गर्दै दिल्लीवासीले जनतालाई पटक-पटक झुटा वाचा गरेर भ्रमित गर्न सकिन्न भन्ने सन्देश दिएको टिप्पणी गरेका हुन्।

अमित शाहले सामाजिक सञ्जाल एक्समा लेखेका छन्, 'जनताले आफ्ना मतमार्फत फोहोर यमुना, दूषित खानेपानी, बिग्रिएका सडकहरू, ओभरफ्लो हुने ढलहरू र प्रत्येक गल्लीमा खुलेका मदिरा पसलहरूको जवाफ दिएका छन्।' स्थानीय समय अनुसार दिउँसो साढे एक बजेसम्मको तथ्यांकअनुसार भाजपा र आदपाले चार/चार सिट जितेका छन्। भाजपा ४४ सिटमा अगाडि छ भने आम आदमी १८ सिटमा मात्रै अगाडि देखिएको छ। अमित शाहले अर्को पोस्टमा लेखेका छन्, 'दिल्लीवासीले झूट, धोका र भ्रष्टाचारको शिशमहललाई ध्वस्त गर्दै दिल्लीलाई 'आप-दा' मुक्त बनाउने काम गरेका छन् ।' उनले अघि लेखेका छन्, 'दिल्लीले वाचा पूरा नगर्नेलाई यस्तो पाठ सिकाएको छ, जुन देशभर जनतासँग झूटा वाचा गर्नेहरूका लागि उदाहरण बन्नेछ यो दिल्लीमा विकास र विश्वासको नयाँ युगको सुरुवात हो ।' दिल्लीमा पूर्वमुख्यमन्त्री अरविन्द केजरीवाल पराजित भएका छन् भने आम आदमीका प्रायः चर्चित नेताहरु हारको सँघारमा रहेका छन् । यो नतिजा अनुसार दिल्लीमा पनि भाजपाले सरकार बनाउने देखिएको छ।

# 'कमेडी दरबार' छोड्दै नम्रता

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ माघ



पूर्वमिस नेपाल नम्रता श्रेष्ठको पछिल्लो परिचय कार्यक्रम सञ्चालकको बनेको छ। कमेडी हो 'कमेडी दरबार' को उनी सुरु देखिनै सञ्चालन गर्दै आएकी छन्।

अब भने उनले कमेडी दरबार छोड्ने भएकी छन्। उनले 'कमेडी दरबार' को अबको सिजनबाट आफु नदेखिने बताइन् । 'कमेडी दरबार' को लागि मसँग निर्माण संस्थाको पहिलो सिजनका लागि मात्र एग्रिमेन्ट भएको हो', श्रेष्ठले भनिन् 'पहिलो सिजन सकिन लाग्यो। दोस्रो सिजिनमा म देखिन्न ।' आफ्नो ब्यस्तता बढेको कारण कमेडी दरबार छोड्न लागेको उनले सुनाइन्। भनिन- 'अहिले फिल्म तथा बाहिरका प्रोजेक्टहरुको काम धेरै छ। त्यसैले 'कमेडी दरबार' का लागि समय दिन सक्दिन।' नम्रता अभिनेत्रीको रुपमा पनि देखिँदैछिन् । उनी अभिनित फिल्म 'रंगी' आगामी फागुन २ गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ। फिल्ममा उनी अभिनेता सलोन बस्नेतका जोडीको रुपमा देखिँदैछिन्। यस अगाडि केही फिल्म रिजेक्ट गरेकी उनले 'रंगी' को बिषयवस्तु मन परेकोले आफू जोडिएको बताइन्।

# देशभरका सबै वडामा दुग्ध विकास संस्थानका उत्पादन बिक्री गर्ने व्यवस्था मिलाउन मांग




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ माघ

दुग्ध विकास संस्थानबाट उत्पादित दूध तथा दुग्ध पदार्थलाई ७५३ वटै स्थानीय तहका सबै वडामा बिक्री वितरणको व्यवस्था मिलाइनुपर्नेमा कर्मचारी सङ्गठनले जोड दिएको छ।

दुग्ध विकास संस्थान कर्मचारी सङ्गठन नेपालले यस्तो माग गरेको हो। सङ्गठनले शुक्रबार प्रेस विज्ञप्ति प्रकाशित गरी हाल आर्थिक मन्दीलगायतका कारणले संस्थानको बजार सङ्कुचन हुँदै गएकाले दूध तथा दुग्ध पदार्थको मौज्दात बढ्दै गएर समस्या आएकाले यस्तो व्यवस्था गर्न माग गरेको हो।

७५३ वटा स्थानीय तहका छ हजार ७४३ वटै वडामा 'बसालौं दूध तथा दुग्ध पदार्थ उपभोगको संस्कृति, ग्रामीण जनजीवनको उन्नति, राष्ट्रको प्रगति' भन्ने मूल नाराका साथ राजनीतिक दल, सामाजिक सङ्घ, संस्था, विद्यालयमा सञ्चालित दिवा खाजा कार्यक्रममा संस्थानका दूध र दुग्धजन्य पदार्थबाट बनेका परिकारको प्रयोग गर्ने व्यवस्था मिलाउन पनि सङ्गठनले माग गरेको छ। कार्यक्रममा खाजा तथा चिसो पेयका ठाउँमा दूध तथा दुग्धजन्य पदार्थ नै उपयोगको व्यवस्था गर्न पनि माग गरिएको सङ्गठनका अध्यक्ष सहदेव अर्यालले बताए। यसबाट संस्थानको वर्तमान आर्थिक सङ्कटबाट मुक्तिका लागि सहयोग मिल्ने उनको भनाइ छ।

यसले नेपाललाई दूधमा आत्मनिर्भर बनाउन र किसानको जीवनस्तर उकास्न पनि सहयोग मिल्ने आशा गरिएको छ। संस्थानले ४७ जिल्लामा आठ वटा दुग्ध वितरण आयोजनाका ६४ वटा दूध चिस्याउने केन्द्र र १६ चिज तथा पनिर उत्पादन केन्द्रबाट उत्पादन गरिएका दूध तथा दुग्ध पदार्थहरुको बजारीकरण गरी दैनिक ग्रामीण किसानहरुसम्म रु एक करोड वार्षिक रुपमा रु चार अर्ब भन्दा बढी नगद प्रवाह गरिरहेको छ । यसले देशमा स्वरोजगार उन्मुख ग्रामीण अर्थतन्त्र विकास भूमिका खेलेको छ।

# महिला फुटबल प्रतियोगिता खेल्ने चारवटै टोली बलिया छन् : प्रशिक्षक तामाङ

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २६ माघ



नेपाली महिला फुटबल टोलीका प्रशिक्षक राजेन्द्र तामाङले आगामी फागुनको पहिलो साता काठमाडौंमा हुन लागेको चार देशीय महिला फुटबल प्रतियोगितामा कुनैपनि प्रतिद्वन्द्वीलाई कमजोर मान्न नहुने बताएका छन्।

शनिबार काठमाडौंमा आयोजित प्रशिक्षकसँगको अन्तर्क्रिया कार्यक्रममा तामाङले यस्तो प्रतिक्रिया दिएका हुन्। उनले सबै टिमले राम्रो तयारी गरेर खेल्न आउने उल्लेख गर्दै सबै आ-आफ्नो हिसाबले बलियो हुने उल्लेख गरे। 'राम्रो टिमहरू आउँदै छन्, राम्रै तयारी गरेर आएका हुन्छन्, कसैलाई पनि कमजोर मान्नु हुँदैन' तामाङले भने, 'उनीहरूको खेल कस्तो छ त्यो हेरेर योजनाहरू बनाउनुपर्छ ।' एन्फाको आयोजनामा फागुन ५ देखि दशरथ रंगशालामा महिला फुटबल प्रतियोगिता हुँदैछ । प्रतियोगितामा नेपालसँगै म्यानमार, लेबनान र कीर्गिस्तानको सहभागिता रहनेछ। फिफा वरियतामा नेपाल १०३औं स्थानमा छ भने म्यानमार ५५औं स्थानमा रहँदा कीर्गिस्तान १२८औं र लेबनान १३४औं स्थानमा छन्। प्रतियोगिताको सबैभन्दा बलियो टोलीका रूपमा म्यानमार रहेको छ। हाल ३९ जना खेलाडीलाई प्रारम्भिक रूपमा क्लोज क्याम्पमा बोलाएर प्रशिक्षण भइरहेको छ।

अब एक-दुई दिनमा यो संख्या ३० मा झार्ने प्रशिक्षक तामाङले बताएका छन्। 'तयारी हाम्रो एकदम राम्रो भइरहेको छ, अहिले ३९ जना प्रशिक्षणमा छन् अब यो संख्या ३० मा झारेर आइतबार नाम निकाल्छौं' उनले भने, 'विदेशमा भएका खेलाडीहरू पनि अब आउँछन् ।' प्रशिक्षक तामाङका अनुसार कप्तान तथा गोलकिपर एन्जिला तुम्बापो सुब्बा फेब्रुअरी १२ सम्म नेपाल आइपुग्ने छिन्।

त्यस्तै रेखा पौडेल यूएईबाट फेब्रुअरी १५ सम्म आइपुग्ने र साबित्रा भण्डारी फेब्रुअरी १७ सम्म आइपुग्ने बताए। साबित्रा खेल हुने दिन विहान नेपाल आइपुग्ने सम्भावना रहेकाले उनले नेपालको पहिलो खेल गुमाउन सक्ने तामाङले जनाए।






# प्रकृति, मानव सृष्टि र विकृति

-प्रकृति हरेक प्राणी तथा जीवको सृष्टिकर्ता हो । विज्ञान र प्रविधिका माध्यमले मानवको विकृत लोभ र तृष्णाले प्रकृतिको चरम दोहन भइरहेको छ। जसको परिणामस्वरूप अहिले मानव अस्तित्वको संकट निम्तिदै छ । विश्वब्रह्माण्डमा देखिने-नदेखिने, सजीव-निर्जीव, चल-अचल, स्थूल-सूक्ष्म, ठोस-तरल आदि सम्पूर्णको समष्टिगत स्वरूप नै प्रकृति हो । प्रकृतिको हरेक अंश वा पक्ष विशिष्ट छ। साथै सबै एक अर्कासित सम्बन्धित, आश्रित वा प्रभावित रहेका छन् । मानिस पनि प्रकृतिको एक विशेष सजीव अंश हो।

चेतना र विवेकका कारण मानवलाई प्रकृतिको सर्वश्रेष्ठ प्राणी मानिन्छ। प्रकृति र मानिसको सम्बन्ध अछुट, अटुट, अपार, प्रगाढ र घनिष्ठ रहेको छ । मानवको श्वास, प्राण, ढुकढुकी प्रकृतिमा आश्रित छ। हरेक क्रियाकलाप प्रकृतिबाट प्रभावित, प्रकृतिमा आधारित र प्रकृतिसँग सम्बन्धित छ । त्यसैले मानव प्रकृतिसँग छुट्टिएर बस्न असम्भव छ । प्रकृतिले नै मानवलाई बाँच्न सिकाएको छ। मानिसले आफ्नो खाना, पानी, इन्धन, औषधि, निर्माण सामग्री र अन्य धेरै चिजहरू प्राप्त गर्न वातावरणसँग अन्तरक्रिया गर्न आवश्यक छ। विज्ञान र प्रविधिको विकासले हामीलाई हाम्रो फाइदाका लागि वातावरणको सेवा प्राप्त गर्न मद्दत गरेको छ, तर हामीले व्यापक प्रदूषण निम्त्याएर निरन्तर रूपमा वातावरणीय क्षति पनि गरिरहेका छौं । यो अहिले भयावह अवस्थामा छ। यस आलेखको उद्देश्य प्रकृति र मानव सृष्टि र विकृतिको सम्बन्ध के कस्तो छ र यसको महत्त्वका बारेमा विवेचना गर्नु हो। मानिसले आफूलाई सर्वश्रेष्ठ ठानी प्रकृतिमाथि जथाभावी दोहन गर्न थालेकाले प्रकृति र मानव सृष्टिलाई मानिसको विकृतिले असन्तुलन खडा गरेको छ।

यो धर्तीका लागि मानिस भनेको एउटा सामान्य प्राणी हो । प्रकृतिले आफ्नो सन्तुलन आफैँ मिलाउँछ, मानिसभन्दा प्रकृति धेरै बलवान् हुन्छ। २) मानिस र प्रकृतिको सम्बन्धः मानिसको प्रकृतिसँग जटिल र बहुआयामिक सम्बन्ध हुन्छ, जसलाई विभिन्न दृष्टिकोणबाट हेर्न सकिन्छ : क) जैविक सम्बन्ध- मानव प्राकृतिक संसारको भाग हो, अन्य प्रजातिहरूसँगै लाखौं वर्षमा विकसित हाम्रो जीवविज्ञान हामीले बसोबास गर्ने इकोसिस्टमसँग गाँसिएको छ। हामी खाना, पानी र हावाका लागि प्रकृतिमा भर पर्दछौं। प्रकृतिका कुनै पनि जीवजन्तु एकअर्कासँग अन्तरनिर्भर छन्। यिनीहरू प्रकृतिबाट अलग भएर बाँच्न सक्दैनन् । ख) सांस्कृतिक र आध्यात्मिक महत्त्वः धेरै संस्कृतिहरूको प्रकृतिसँग गहिरो आध्यात्मिक र दार्शनिक सम्बन्ध छ। प्रकृतिले प्रायः मिथक, धर्म र परम्पराहरूमा केन्द्रीय भूमिका खेल्छ; सौन्दर्य, जीवन, मृत्यु र नवीकरणको अवधारणालाई मूर्त रूप दिन्छ।

ग) आर्थिक निर्भरताः आर्थिक रूपमा मानवहरू निर्वाह, ऊर्जा र सामग्रीका लागि प्राकृतिक स्रोतहरूमा निर्भर हुन्छन्। कृषि, वन, माछा मार्ने र पर्यटन उद्योगहरू हुन् जुन प्रत्यक्ष रूपमा स्वस्थ पारिस्थितिक प्रणालीमा निर्भर हुन्छन् । प्रकृति मानवको जनजीविकासँग प्रत्यक्ष रूपमा जोडिएको हुन्छ । प्रकृतिले मानिस बाँच्नका लागि पर्याप्त साधन र स्रोत उपलब्ध गराएको छ, तर लोभी पापीहरूको तृष्णा कहिल्यै मेटाउन सक्दैन। मानिसले आफूलाई सर्वश्रेष्ठ ठानी प्रकृतिमाथि जथाभावी दोहन गर्न थालेकाले प्रकृति र मानव सृष्टिलाई मानिसको विकृतिले असन्तुलन खडा गरेको छ। यो धर्तीका लागि मानिस भनेको एउटा सामान्य प्राणी हो। प्रकृतिले आफ्नो सन्तुलन आफैँ मिलाउँछ, मानिसभन्दा प्रकृति धेरै बलवान् हुन्छ। घ) वातावरणीय प्रभाव : औद्योगीकरण, सहरीकरण र वन फँडानी जस्ता मानव गतिविधिले



वातावरणमा महत्त्वपूर्ण प्रभाव पार्छ । यसले जलवायु परिवर्तन, जैविक विविधताको हानि र प्रदूषण जस्ता चुनौती निम्त्याएको छ, जसले दिगो अभ्यासहरूको आवश्यकताको बढ्दो चेतनालाई प्रेरित गरेको छ। अहिलेको समाजमा सबभन्दा धेरै महत्त्वपूर्ण समस्या भनेकै जलवायु परिवर्तन र यसको मानव, जीवजन्तु, बोटबिरुवा, वायु, तापक्रम वृद्धिमा देखिएको असन्तुलन नै हो। अहिले मानिसले पृथ्वीको स्रोत र साधनको यति धेरै दोहन गरिरहेका छन् कि जसले गम्भीर वातावरणीय, पारिस्थितिक प्रणाली र मानवको अस्तित्वमै संकट पैदा गरेको छ । तैपनि धनी राष्ट्रका नेता, पुँजीपति वर्ग र नीति-निर्माताामा अझै चेत फिरेको देखिँदैन । ङ) संरक्षण प्रयासः वातावरणीय चुनौतीहरूको प्रतिक्रियामा, धेरै व्यक्ति र संस्थाहरूले प्राकृतिक वासस्थानहरूको संरक्षण र पुनर्स्थापनाका लागि वकालत गर्छन् । यसमा लोपोन्मुख प्रजातिहरूको संरक्षण, इकोसिस्टम पुनर्स्थापना र दिगो स्रोत व्यवस्थापनलाई प्रवर्द्धन गर्ने प्रयास समावेश हुन्छन् । नेपालजस्तो मुलुकका जनताले समुदायकै प्रयासमा वातावरण संरक्षण गर्ने धेरै राम्रा काम गरेका छन् र नेपालको सामुदायिक वन व्यवस्थापन संसारमै उदाहरणको रूपमा लिने गरिन्छ। च) वैज्ञानिक समझः मानव जीवविज्ञान, पारिस्थितिकी र भूगर्भ विज्ञानसहित विभिन्न वैज्ञानिक विषयमार्फत प्रकृति अध्ययन गरिन्छ । यो बुझाइले संरक्षण प्रयासलाई सूचित गर्दछ र प्राकृतिक संसारसँग सहअस्तित्व गर्ने मानिसको क्षमतालाई बढाउँछ । अझै वैज्ञानिकहरूले स्थानीय समुदाय, गरिब मुलुकका जनता, आदिवासी, नीति-निर्माताहरू, राजनीतिक नेता, सामुदायिक अभियन्ताहरूसँग मिलेर प्रकृति संरक्षणसम्बन्धी अध्ययन, अनुसन्धान र अन्तर्राष्ट्रिय संस्थाहरू विश्व बैंक, एसियाली बैंक, संयुक्त राष्ट्र संघ आदि संस्थाहरूमा पैरवी गर्नुपर्ने देखिन्छ। ३) सारसङ्क्षेपः सम्पूर्ण प्रकृति पञ्चतत्त्व (पृथ्वी, जल, अग्नि, वायु र आकाश)को संयोजनबाट निर्माण भएको छ। मानिस पनि पञ्चतत्त्वबाटै बनेको हो। मानव र प्रकृति बिचको सम्बन्ध महत्त्वपूर्ण र गतिशील छ । हामीले आधुनिक संसारका चुनौतीहरू 'नेभिगेट' गर्न जारी राख्दा यस सम्बन्धलाई बुझ्न र सम्मान गर्नु हाम्रो ग्रह र भावी पुस्ता दुवैको स्वास्थ्यका लागि महत्त्वपूर्ण छ।

साभार : रातोपाटी।

## एचपिभि खोप अभियान सम्बन्धी सूचना

पाठेघर रोग विरुद्ध एचपिभि खोप माघ २४ गतेदेखि फागुण ८ गतेसम्म कक्षा ६ देखि कक्षा १० सम्मका छात्राहरु तथा विद्यालय नजाने १० वर्षदेखि १४ वर्षसम्मका किशोरीहरुलाई पाठेघरको मुखमा लाग्न सक्ने क्यान्सर विरुद्ध एचपिभि(HPV) खोप लगाउन थालिएको छ । खोप लगाऔं र आफ्नो किशोरीहरुको पाठेघरको मुखको क्यान्सरबाट बचाऔं । खोप संचालन महोत्तरी जिल्लाको प्रत्येक पालिका तथा स्वास्थ्य चौकी मार्फत हुन गईरहेको छ । खोप २ चरणहरुमा संचालन हुन गई रहेको छ ।

| पहिलो चरणमा खोप माघ २४ गतेदेखि माघ ३० गतेसम्म ७ वटा पालिकाहरुमा | दोस्रो चरणमा खोप फागुण २ गतेदेखि फागुण ८ गतेसम्म ८ वटा पालिकाहरुमा |
|---|---|
| जलेश्वर नगरपालिका,मटिहानी नगरपालिका,पिपरा गाउँपालिका,महोत्तरी गाउँपालिका,एकडारा गाउँपालिका,मनरासिस्वा नगरपालिका र लोहारपट्टी नगरपालिका | सम्सी गाउँपालिका,सोनमा गाउँपालिका,गौशाला नगरपालिका,भंगहा नगरपालिका,औरही नगरपालिका,रामगोपालपुर नगरपालिका,बलवा नगरपालिका र बर्दिबास नगरपालिका |

अनुरोधकर्ता
स्वास्थ्य कार्यालय,महोत्तरी


पत्रिका/पेपर
कम्प्यूटराईज गराउन सम्झनुहोस।





सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४०५१४८७, ९७०९०५७०६१ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला





स्वास्थ्य निर्देशनालय
सपही
धनुषा, मधेश प्रदेश नेपाल







प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday